नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
Financial Comptroller General Office
कोष प्रशासन शाखा

पत्र संख्याः ०७५/७६ ४.१
चलानी नं. ४१८

मितिः २०७६/२/३०

**विषयः** मूल्य अभिवृद्धि कर दाखिला सम्बन्धमा।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय
सबै।

आन्तरिक राजस्व विभागको प.सं. ०७५/७६ च.नं. १७४ मिति २०७६/२/२७ को "मूल्य अभिवृद्धि कर दाखिला सम्बन्धमा" विषयको पत्र यसैसाथ संलग्न छ। उक्त पत्रानुसार मूल्य अभिवृद्धि कर (एक्काइसौं संशोधन) नियमावली, २०५३ बाट नियम ६ग. मा गरेको ठेक्का वा करार अन्तर्गत वस्तु वा सेवा वा वस्तु तथा सेवा आपूर्ति बापतको कर भुक्तानी सम्बन्धी विशेष व्यवस्था कार्यान्वयनको लागि सम्पूर्ण कार्यालयहरूलाई निर्देशन हुन सबै ठूला करदाता कार्यालय, मध्यम स्तरीय करदाता कार्यालय, आन्तरिक राजस्व कार्यालय र करदाता सेवा कार्यालयको कार्यालय कोड तथा राजस्व सङ्कलन गर्ने बैंकको सूची समेत संलग्न गरी मिति २०७६/२/३० को निर्णयानुसार अनुरोध छ।

रविराज पौडेल
लेखा अधिकृत

**बोधार्थः**
श्री अर्थ मन्त्रालय, सिंहदरबार।
श्री आन्तरिक राजस्व विभाग, लाजिम्पाट।

२०८
२१३०


नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
(नीति महाशाखा)

फोन नं. ४४१५८०२
४४१५८०३
४४१९७१९
४४१४५६४
एक्सटेन्सन २२०, २१७
फ्याक्स नं. ४४१९७८८
Website: www.ird.gov.np

लाजिम्पाट, काठमाण्डौं


प.सं.:२०७५/७६
च.नं.: ९६४

मितिः-२०७६/०२/२७

**विषयः मूल्य अभिवृद्धि कर दाखिला सम्बन्धमा ।**

६५९८
२१२८

श्री महालेखा नियन्त्रक कार्यालय,
अनामनगर ।

मूल्य अभिवृद्धि कर(एक्काइसौं संशोधन) नियमावली, २०५३ बाट नियम ६ख. पछि थपिएको नियम ६ग.मा देहाय बमोजिम ठेक्का वा करार अन्तर्गत वस्तु वा सेवा वा वस्तु तथा सेवा आपूर्ति वापतको कर भुक्तानी सम्बन्धी विशेष व्यवस्था गरेको र उक्त व्यवस्था मिति २०७६ जेठ १५ गतेबाट लागू भइसकेको छ।

"सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संघ संस्थाले ठेक्का सम्झौता वा करार अन्तर्गत आपूर्ति हुने वस्तु वा सेवा वा वस्तु तथा सेवा बापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको पचास प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजस्व शीर्षकमा जम्मा गरी बाँकी रहने कर बापतको रकम मात्र भुक्तानी गर्नु पर्ने ।यसरी राजस्व जम्मा गरिदिएको जानकारी सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई दिनुपर्ने र जम्मा भएको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्ताले बुझाउनु पर्ने करमा मिलान गर्न पाउने।"

नियमावलीको उल्लिखित व्यवस्था कार्यान्वयनका लागि देहाय अनुसार गर्ने गरी आवश्यक सहयोग गरिदिन हुन आदेशानुसार अनुरोध छ ।

कोष व्यवस्थापन तथा सूचना
प्रविधि महाशाखा

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
(नीति [illegible] शाखा)

फोन नं. ४४१५८०२
४४१५८०३
४४१९७१९
४४१४५६४
एक्सटेन्सन २२०, २१७
फ्याक्स नं. ४४११७८८
Website: www.ird.gov.np
लाजिम्पाट, काठमाण्डौं

प.सं.:२०७५/७६
च.नं.: १६४

१. ठेकेदार वा आपूर्तिकर्तालाई कर बीजक वापतको रकम भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने मूल्य अभिवृद्धि कर रकमको पचास प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजस्व शीर्षक (परामर्श तथा ठेक्का-३३११४ र ठेक्का वाहेकका आपूर्तिकर्ता-३३११३)मा दाखिला गर्नुपर्ने।

२. राजस्व जम्मा गरिदिएको जानकारी भुक्तानी गर्ने कार्यालयले सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई दिनुपर्ने।

३. मू.अ.कर रकम दाखिला गर्दा सम्बन्धित ठेकेदार/आपूर्तिकर्ताको नाम, स्थायी लेखा नम्वर, राजस्व शीर्षक नम्वर, बैंक कोड नम्वर, ठेकेदार/आपूर्तिकर्ता दर्ता रहेको ठूला करदाता कार्यालय/मध्यमस्तरीय करदाता कार्यालय/ आन्तरिक राजस्व कार्यालय र करदाता सेवा कार्यालयको कोड नम्वर स्पष्ट उल्लेख गरी प्रत्येक ठेकेदार/आपूर्तिकर्ताको छुट्टाछुट्टै बैंक भौचरबाट दाखिला गर्ने।

४. ठेकेदार/आपूर्तिकर्ता दर्ता रहेको सम्बन्धित आन्तरिक राजस्व कार्यालयको जानकारी आन्तरिक राजस्व विभागको वेभसाइड www.ird.gov.np मा गई PAN Search बाट स्थायी लेखा नम्वर प्रविष्ट गरे पछि प्राप्त गर्न सकिने।

युवराज बस्नेत
(शाखा अधिकृत)

पुनश्च: प्रत्यके कार्यालयहरुको कार्यालय कोड नम्बरको सूची यसैसाथ संलग्न छ ।

<u>बोधार्थ</u>

श्री अर्थ मन्त्रालय, राजस्व व्यवस्थापन महाशाखा ।
श्री ठूला करदाता कार्यालय/मध्यमस्तरीय करदाता कार्यालय ।
श्री आन्तरिक राजस्व कार्यालय/करदाता सेवा कार्यालय, सबै ।

| सि.नं. | कार्यालय | कार्यालय कोड | सि.नं. | कार्यालय | कार्यालय कोड |
|---|---|---|---|---|---|
| १ | ठूला करदाता कार्यालय | ३०५०३३४०२ | ३१ | आ.रा.का.बत्तीसपुतली | ३०५०३३५०३ |
| २ | मध्यमस्तरीय करदाता कार्यालय | ३०५०३३५३९ | ३२ | आ.रा.का.चावहिल | ३०५०३३५०६ |
| ३ | आ.रा.का.भद्रपुर | ३०५०३१२०१ | ३३ | आ.रा.का.कलंकी | ३०५०३३५१० |
| ४ | आ.रा.का.दमक | ३०५०३१२०२ | ३४ | आ.रा.का. ललितपुर | ३०५०३३४०१ |
| ५ | आ.रा.का.धरान | ३०५०३१४०३ | ३५ | आ.रा.का. ललितपुर-२ | ३०५०३३४०३ |
| ६ | आ.रा.का.विराटनगर | ३०५०३१३०२ | ३६ | आ.रा.का. दमौली | ३०५०३३८०१ |
| ७ | आ.रा.का.जनकपुर | ३०५०३१७०१ | ३७ | आ.रा.का. बाग्लुङ्ग | ३०५०३४५०१ |
| ८ | आ.रा.का.लाहान | ३०५०११६२० | ३८ | आ.रा.का. नेपालगञ्ज | ३०५०३५७०२ |
| ९ | आ.रा.का.सिमरा | ३०५०३२१०१ | ३९ | आ.रा.का. धुलिखेल | ३०५०३२६०१ |
| १० | आ.रा.का.वीरगञ्ज | ३०५०३२२०१ | ४० | क.से.का. ईलाम | ३०५०३०३०१ |
| ११ | आ.रा.का.हेटौंडा | ३०५०३३२०१ | ४१ | क.से.का.फिदिम | ३०५०३०२०१ |
| १२ | आ.रा.का.भरतपुर | ३०५०३३१०१ | ४२ | क.से.का.धनकुटा | ३०५०३०६०३ |
| १३ | आ.रा.का.पोखरा | ३०५०३३९०१ | ४३ | क.से.का.राजविराज | ३०५०३१५०५ |
| १४ | आ.रा.का.भैरहवा | ३०५०३४८०२ | ४४ | क.से.का.लम्की | |
| १५ | आ.रा.का.बुटवल | ३०५०३४८०१ | ४५ | क.से.का.मलंगवा | ३०५०३१९०१ |
| १६ | आ.रा.का.कृष्णनगर | ३०५०३४९०१ | ४६ | क.से.का.खादबारी | ३०५०३०४०१ |
| १७ | आ.रा.का.दाङ्ग | ३०५०३५६०१ | ४७ | क.से.का.कावासोती | ३०५०३४६०१ |
| १८ | आ.रा.का.सुर्खेत | ३०५०३६८०१ | ४८ | क.से.का.जुम्ला | ३०५०३६२०१ |
| १९ | आ.रा.का.धनगढी | ३०५०३७७०१ | ४९ | क.से.का.डडेलधुरा | ३०५०३७६०१ |
| २० | आ.रा.का.महेन्द्रनगर | ३०५०३७६०१ | ५० | क.से.का.गौर | ३०५०३२००१ |
| २१ | आ.रा.का.कालिमाटी | ३०५०३३५०९ | ५१ | क.से.का.लुक्ला | ३०५०११६२० |
| २२ | आ.रा.का.त्रिपुरेश्वर | ३०५०३३५१३ | ५२ | क.से.का.बर्दिबास | ३०५०३१८०१ |
| २३ | आ.रा.का.कोटेश्वर | ३०५०३३५०४ | ५३ | क.से.का.विराटचौक | ३०५०३१३०८ |
| २४ | आ.रा.का.ठमेल | ३०५०३३५१९ | ५४ | क.से.का. पाल्पा | ३०५०३५००१ |
| २५ | आ.रा.का.महाराजगञ्ज | ३०५०३३५१६ | ५५ | क.से.का. ईटहरी | ३०५०२१४०२ |
| २६ | आ.रा.का.बालाजु | ३०५०३३५१८ | ५६ | क.से.का. गाईघाट | ३०५०३११०१ |
| २७ | आ.रा.का.बानेश्वर | ३०५०३३५०५ | ५७ | आ.रा.का. भक्तपुर | ३०५०३३३०१ |
| २८ | आ.रा.का.पुतलीसडक | ३०५०३३५१७ | | | |
| २९ | आ.रा.का.टंगाल | ३०५०३३५२० | | | |
| ३० | आ.रा.का.नयासडक | ३०५०३३५१४ | | | |